REGIONAL NEWS UNIT
ALL INDIA RADIO GANGTOK
NEPALI NEWS BULLETIN

BROADCAST: 18:40 hrs Date: 15.**07.2024**

**वल्ड स्किल डे**

केन्द्रीय कौशल विकास तथा उद्यमिता मन्त्री श्री जयन्त चौधरीले भन्नुभएको छ- कौशल भारत योजना अन्तर्गत अहिलेसम्म एक करोड़ छ्यालिस लाख भन्दा धेरै मानिसहरूलाई कौशल विकासको प्रशिक्षण दिइएको छ।

नयाँ दिल्लीमा आज विश्व युवा कौशल दिवस कार्यक्रमलाई सम्बोधन गर्दै श्री चौधरीले भन्नुभयो कौशल विकास र उद्यमिताको क्षेत्रमा भारतले विशेष रूपमा असल कार्य गरेको छ।

यसै उद्देश्यले दस वर्षअघि विशेष मन्त्रालयको गठन गरिएको थियो।

केन्द्रीय मन्त्रीले भन्नुभयो पछिल्ला दस वर्षमा यस क्षेत्रमा प्राप्त उपलब्धीहरूबाट शिक्षा लिएर उहाँको मन्त्रालयले अझै अरू समावेशी योजना तयार पार्नेछ जसद्वारा 2047 सालमा भारतलाई विकसित राष्ट्र बन्नमा सहयोग प्राप्त हुनेछ।

यस अवसरमा श्री चौधरीले कौशल विकास प्रशिक्षण लिने युवाहरूसित कुराकानी गर्नका साथै प्रशिक्षकहरूको अभिनन्दन गर्नुभयो ।

**वल्ड युथ स्किल डे(स्टेड)**

यता राज्यमा पनि आज दशौं विश्व युवा कौशल दिवस पालन गरियो।

कौशल विकास विभागको तत्वाधानमा लिङदिङ सोकेथाङ स्थित पशुपालन विभाग तथा पशुचिकित्सा सेवा विभागको प्रशिक्षण केन्द्रमा आयोजित कार्यक्रममा कौशल विकास विभाग परिवहन विभागका सल्लाहकार श्री मदन सिञ्चुरी मुख्य अथिथिको रूपमा उपस्थित हुनुहुन्थ्यो।

समारोहमा बोल्दै उहाँले भन्नुभयो युवाहरू कौशल र कार्यरत भएमा अपराध दर धेरै घटेर समाजको सर्वाङ्गीण विकास हुन्छ।

श्री सिञ्चुरीले भन्नुभयो राज्य सरकारले प्रत्येक युवालाई अघि बढ्ने अवसर प्रदान गरिरहेछ र युवाहरूले यस्ता अवसरहरूको उपयोग गरेको खण्डमा सिक्किम समृद्ध राज्य बन्नेछ।

**वल्ड स्किल डे (स्टेड)**

उहाँले विभिन्न पञ्चायतहरूबाट बीचैमा पढाई छोड्ने विद्यार्थीहरूको आंकड़ा संग्रह गर्ने सुझाउ दिनुभयोर भन्नुभयो यसो गर्नाले यस्ता विद्यार्थीहरूलाई कौशल विकास विभाग अन्तर्गत समावेश गरेर विभिन्न प्रकारका प्रशिक्षण दिन सकिन्छ।

यसअघि आफ्नो वक्तव्यमा कौशल विकास विभागका अतिरिक्त सचिव शअरी साम्डुप भुटुयाले युवाहरूको कौशल विकासका लागि विभागद्वारा गरिएका कार्यहरूको उल्लेख गर्नुभयो।

यस अवसरमा दीनदयाल उपाध्याय ग्रामीण कौशल्य योजना केन्द्र स्यारी र गौहाटीका प्रशिक्षणार्थीहरूसित भर्चुअल अन्तर्क्रियात्मक सत्र आयोजना गरियो।

स्टार्ट अप सम्बन्धी दुईजना युवा आइकनहरूको अभिनन्दन कार्यक्रमको अर्को आकर्षण थियो।
यसअघि मुख्य अतिथिले परामर्श तथा जागरूकता विक्री कक्ष kiosk को उद्घाटन गर्नुभयो।
यो वर्ष विश्व युवा कौशल दिवसको विषय छ- शान्ति र विकासमा लागि युवा कौशल ।
अठार दिसम्वर दुइ हजार चौध सालमा संयुक्त राष्ट्र महासभाद्वारा एउटा प्रस्ताव पारित भएपछि विश्व युवा कौशल दिवस मनाउन शुरू गरिएको हो।

**साइबर क्राइम अवर्नेस्**
सिक्किम पुलिसले राज्यमा बढ़दै गइरहेको साइबर अपराधलाई लिएर चिन्ता व्यक्त गरेको छ। बितेका केही दिनमा राज्यमा कथित रूपमा बढेको साइबर अपराधको कारणले धेरै मानिसहरू यसको शिकार भइरहेको कुरोलाई ध्यानमा राखेर गान्तोक जिल्ला पुलिसले सर्वसाधारणमा चेतना जगाउने अभियान शुरू गरेको छ।

जिल्ला पुलिसले मिडियासितको सहकार्यमा यो जनचेतना अभियान चलाउने भएको छ।
गान्तोकमा आज पत्रकारहरूसित कुराकानी गर्दै वरिष्ठ पलिस अधिक्षक श्री तेञ्जिङ लोडेन लेप्चाले भन्नुभयो विगतमा सिक्किम पुलिसले साइबर क्राइम विभाग केही आपराधिक घटनाहरूका अपराधीहरूलाई पक्राउ गर्न सफल भएको छ तर सबै घटनामा यस्तो सम्भव हुँदैन।
वर्तमान समयमा साइबर अपराधीहरूले टेलीग्राम वाट्एप र मेसेन्जर एप्लिकेशनको अधिक प्रयोग गरी मानिसहरूलाई ठगेको कुरो प्रयोग गरी मानिसहरूलाई ठगेको कुरो बताँउदै उहाँले मानिसहरूसित यस्ता एप्लीकेशनमा कुनै पनि प्रकारको वित्तीय लाभको प्रलोलनको प्रस्ताव आएमा स्वीकार नर्गन अपील गर्नुभयो।

श्री लेप्चाले कुनै प्रकारको साइबर अपराधको शिकार भइरहेको थाहा पाउनेवित्तिकै साइबर क्राइम जीओभी डट इनमा मामिला दर्ता गर्ने अपील गर्नुभएको छ।

**अवेर्नेस प्रोग्राम**

विद्यार्थीहरूमा बाल सुरक्षाबारे जागरूकता बढ़ाउने पहल अन्तर्गत सोरेङको सोमवारे उच्चतर माध्यमिक विद्यालयले आज  विशेष परामर्श कार्यक्रम आयोजित गर्यो।
यसमा महिला तथा बाल विकास विभाग अधिन जिल्ला बाल सुरक्षा इकाइ, सोरेङकी सुरक्षा अधिकारी श्रीमती टेकमाया शर्माले बाल सुरक्षाका विभिन्न पक्षहरूबारे चर्चा गर्नुभयो।
आफ्नो वक्तव्यमा पाठशालाका प्राचार्य श्री प्रकाश शर्माले भन्नुभयो सुरक्षित वातावरण सृजना गर्नका लागि विद्यार्थीहरूलाई बाल सुरक्षाबारे अवगत गराउन आवश्यक छ।
यस पछि अन्तर्क्रियात्मक सत्रमा व्यक्तिगत सुरक्षा र अन्य महत्वपूर्ण विषयहरूका लागि व्यावहारिक उपायहरूबारे जानकारी दिइयो।

**एक्सिडन्ट**

माखा सिङताम मार्ग स्थित सिरवानीमा आज विहान दस बजीतिर बाटो माथिबाट ठूलो ढुंगा झर्नाले एउटा निजी वाहनमा सवार एकजना यात्री घाइते भएको रिपोर्ट छ। घटनामा वाहन पनि क्षतिग्रस्त भएको छ।

त्यो वाहन लिङ्गीबाट सिङ्तामतिर आइरेहेको थियो।
घाइते हुने व्यक्तिलाई उपचारका लागि सिङताम अस्पताल लगियो।
यहाँहरूलाई थाहै होला यसै मार्गको सिङबेलमा गत शुक्रवार सड़कमाथिबाट ढुंगा झरेर वाहनमा छोक्किँदा एकजना महिलाको मृत्यु भएको थियो।